नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति :........................

## प्रेस विज्ञप्ति

मिति २०७४ भाद्र १ गते नेपाल सरकारका मुख्य सचिवको उपस्थितिमा राहत, उद्धार तथा विपद् व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सरोकारवाला मन्त्रालयका सचिवहरु सहितको बैठकबाट देहाय वमोजिम निर्णय भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ।

१. विपद् व्यवस्थापनमा वैदेशिक सहयोग दिन चाहेमा स्वीकार गर्न सक्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको निर्णय परराष्ट्र मन्त्रालयले कुटनीतिक नियोग तथा सम्बद्ध सबैलाई स्पष्ट पार्ने । नगद सहयोग गर्न चाहने विदेशस्थित व्यक्ति वा संस्थाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको नाममा रहेको Standard Chartered बैंकको खाता नम्बर ०००१०१३२४३८०१(SWIFT Code: SCBLNPKA) मा जम्मा गर्न सक्नेछन्। तत्कालका लागि १५ सेप्टेम्बर २०१७ सम्म चलान (Delivery) हुने वस्तुगत सहयोग लिने व्यवस्था मिलाउने र यस्तो सहयोग गृह मन्त्रालयले तोकेको स्थानमा हस्तान्तरण गर्ने।

२. वस्तुगत सहयोग दिन चाहने व्यक्ति वा संस्थाले सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी उक्त समितिले तोकेको प्राथमिकता र क्षेत्रमा सम्बन्धित स्थानीय तहले राहत वितरण गर्न सक्ने। राहत उपलब्ध गराउने व्यक्ति वा संघ-संस्थाले सो क्रममा सहभागी हुन चाहेमा सहभागी गराइने।

३. विषयगत मन्त्रालयहरूबाट खोजी, उद्धार, राहत तथा पुर्नस्थापनाका सम्बन्धका भए/गरेका कार्य प्रगतिको दैनिक विवरण गृह मन्त्रालयको केन्द्रीय दैवी प्रकोप उद्धार समितिलाई उपलब्ध गराउने।

४. प्रभावित क्षेत्रका सडक, बत्ति, बिजुली, सञ्चार, स्वच्छ खानेपानी लगायतका सेवा सुविधाहरू तत्काल सुचारू गर्न विषयगत मन्त्रालयहरूले उच्च प्राथमिकताका साथ कार्य गर्ने।

५. विषयगत मन्त्रालयहरूले आ-आफ्नो संयन्त्र परिचालन गरी विपद्बाट भएको सार्वजनिक सम्पत्तिको क्षति वा नोक्सानी विवरण लिई केन्द्रीय दैवी प्रकोप उद्धार समितिलाई उपलब्ध गराउने। त्यस्तो विवरण लिंदा स्थानीय तहको सहयोग लिने। व्यक्तिगत सम्पत्तिको क्षति वा नोक्सानीको हकमा जिल्ला दैवी प्रकोप उद्धार समितिले स्थानीय तहसँग समन्वय गरी गृह मन्त्रालयबाट तोकिएको ढाँचा बमोजिम संकलन गर्ने र सोको विवरण १० दिनभित्र केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा उपलब्ध गराउने।

६. विपद् प्रभावित क्षेत्रमा प्रकोप/महामारी फैलिन नदिन मरेका जीवजन्तु, पशुपंक्षी लगायतको व्यवस्थापन गृह मन्त्रालय, स्वाथ्य मन्त्रालय, पशुपंक्षी विकास मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहसँग सहयोग लिई तत्काल गर्ने र सोको प्रगती विवरण केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा पठाउने।

(हरि प्रसाद पन्थी)
सहसचिव/प्रवक्ता

२०७४।५।२

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np